# स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण एवं संस्था सुदृढीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १, विराटनगर

# स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण एवं संस्था सुदृढीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९

सामाजिक विकास मन्त्रालयको लागि चालु आ.व. २०७९/८० को स्वीकृत "स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण एवं संस्था सुदृढीकरण कार्यक्रम" अन्तर्गत प्रदेश नं. १ का विभिन्न स्थानीय तहमा अपाङ्गताको क्षेत्रमा काम गर्ने अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्थाको व्यवस्थापन तथा सुदृढीकरणका लागि प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस मार्गदर्शनको नाम "स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण एवं संस्था सुदृढीकरण कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९" हुनेछ ।

(२) यो मार्गदर्शन तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "संस्था" भन्नाले अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमअन्तर्गत स्थानीय तहको सहजीकरणमा स्थापना भएका तथा विगतमै दर्ता भई अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनमा सहजीकरण गरिरहेका अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित अपाङ्गताको क्षेत्रमा कार्य गर्ने मुनाफारहित संस्था (*Organization of Persons with Disability-OPD*) सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन भएका प्रदेश नं. १ का स्थानीय तह सम्झनु पर्छ ।

३. <u>**संस्थाले अनुदान प्राप्त गर्नेः**</u> (१) देहायका उद्देश्य प्राप्तिका लागि संस्थालाई अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत विनियोजित बजेट मध्येबाट मन्त्रालयबाट तोकिएको रकम सम्बन्धित स्थानीय तहले अनुदानको रूपमा प्रदान गर्नुपर्नेछः-

(क) अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण गरी उनीहरूको अधिकार सुनिश्चित गर्न,

(ख) अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्था (ओ.पि.डी) को संस्थागत सुदृढीकरण गर्न ।

(२) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्नको लागि संस्थाले देहाय बमोजिमका विवरण तथा कागजातहरू सहित सम्बन्धित स्थानीय तहसमक्ष निवेदन पेश गर्नुपर्नेछः-

(क) संस्था दर्ता र नवीकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) स्थानीय तहमा सूचीकृत भएको पत्रको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको स्थायी लेखा नं. र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) संस्थाको अघिल्लो आ. व. को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(ङ) अनुदान माग गर्ने सम्बन्धमा संस्थाको कार्यसमितिको बैठकबाट भएको निर्णयको प्रतिलिपि,

सामाजिक विकास मन्त्रालय

(च) अनुसूची-१ बमोजिमको ढाँचाको अनुदान माग सम्बन्धी प्रस्तावना,

(छ) संस्थाको नामको बैंक खाता सम्बन्धी विवरण ।

४. **अनुदान रकमको उपयोग सम्बन्धी व्यवस्थाः** संस्थाले प्राप्त कुल अनुदान रकमको देहाय बमोजिम खर्च गर्न सक्नेछः-

(क) प्रशासनिक कार्यमा बढीमा १०% सम्म,

(ख) संस्थाको कार्यसमितिको बैठकमा बैठक भत्ता लगायतका कार्यमा बढीमा ३०% सम्म (अधिकतम ४ वटा बैठकका लागि),

(ग) वार्षिक समीक्षा भेलाका लागि बढीमा २०% सम्म,

(घ) अपाङ्गताको सवालमा पैरवीका लागि बढीमा १५% सम्म,

(ङ) अपाङ्गता भएका व्यक्तिको क्षमता विकासका लागि बढीमा १५% सम्म,

(च) वडा स्तरीय मिलिजुली समूहहरूको विस्तार तथा परिचालन लगायत समग्र कार्यक्रमको अनुगमन, मूल्याङ्कन कार्यका लागि बढीमा १०% सम्म ।

५. **संस्थाले गर्नुपर्ने कार्यहरूः** यस मार्गदर्शन बमोजिमको अनुदान रकम संस्थाले देहाय बमोजिमका कार्यहरूमा उपयोग गर्नु पर्नेछः-

(क) प्रशासनिक कार्यमा खर्च गर्दा संस्थाको वार्षिक लेखा परीक्षण तथा नवीकरण, स्टेशनरी, सञ्चार लगायत संस्थालाई आवश्यक अन्य प्रशासनिक कार्यमा खर्च गर्नु पर्नेछ ।

(ख) कार्यसमितिको बैठक वर्षको कम्तिमा ४ पटक बस्नु पर्नेछ । बैठक बसेको अवस्थामा बैठक भत्ता वा यातायात खर्चबापत रकम बुझिलिने गरी कुनै एउटा मात्रै विकल्पमा खर्च गर्नु पर्नेछ । बैठकमा दोभाषे वा सहयोगी समेतको सहभागिता भएमा र कुनै सहभागीको दुरी टाढा भई बास बस्नु पर्ने भएमा समेत यसै बैठक खर्च भित्रको स्वीकृत बजेटको परिधिभित्र रहेर मात्रै खर्च गर्न पाइने छ ।

(ग) वार्षिक समीक्षा भेला गर्दा कम्तिमा १५ दिन पहिले नै संस्थाका साधारण सदस्यलाई सूचना दिनु पर्ने र वार्षिक समीक्षाको समयमा वर्षभरी संस्थाले गरेका सम्पुर्ण गतिविधिलाई आर्थिक तथा प्रगति प्रतिवेदनमार्फत सार्वजनिक गरी संस्थाको साधारण सदस्य तथा सहभागीले संस्थाको गतिविधिमा दिएको सुझावलाई लिपिबद्ध गरि संस्थाको अभिलेख राख्नु पर्नेछ ।

(घ) अपाङ्गताको सवालमा संस्थाले आवश्यकता अनुसार पैरवी गर्नु पर्ने छ । त्यसरी पैरवी गर्दा स्थानीय तहमा अपाङ्गताको क्षेत्रमा देखिएका समस्याहरू र नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन लगायतका विषयलाई प्रमुख सवालको रूपमा उठान गर्नु पर्नेछ ।

(ङ) संस्थाले कार्यसमिति तथा स्थानीय तहको अन्य साधारण सदस्यहरूको लागि समेत क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यसरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपूर्व कार्यसमितिको बैठकमा नै छलफल गरी विषयवस्तुको निर्धारण गर्नु पर्नेछ ।

सामाजिक विकास मन्त्रालय

(च) संस्थाले वडा स्तरीय मिलिजुली समूहहरूको विस्तार तथा परिचालन लगायत समग्र कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्नु पर्नेछ । मिलिजुली समूहको मासिक बैठकमा संस्थाको प्रतिनिधि उपस्थित भई वडामा अपाङ्गता भएका व्यक्तिहरूको समस्याहरू पहिचान गर्ने, उनीहरूले गर्ने विभिन्न गतिविधिहरूमा सहयोग गर्ने, वडाका जनप्रतिनिधि र वडा स्तरीय मिलिजुली समूहको अन्तरसम्बन्धलाई दरिलो बनाउन मदत गर्ने र समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता र मिलिजुली समूहबीचको सहकार्यलाई थप सशक्त बनाउन पहल गरी अपाङ्गता भएका व्यक्तिहरूले भोग्नु परेका समस्या र अनुगमनबाट देखिएका अन्य समस्याहरूको समाधानको लागि स्थानीय तहमा अपाङ्गता समन्वय समिति समक्ष लिखित सुझाव पेश गर्नु पर्नेछ । संस्थाले विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका व्यक्तिहरूको शैक्षिक अवस्था, सार्वजनिक संरचनामा पहुँचको अवस्था, उपचारमा पहुँचको अवस्था, विभिन्न कार्यक्रम तथा स्थानीय तहमा हुने गतिविधिमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिताको अवस्था, नीतिगत व्यवस्थाको कार्यान्वयनको तत्कालीन अवस्था लगायतका विषयमा पनि अनुगमन गरी अपाङ्गता समन्वय समिति समक्ष लिखित सुझाव पेश गर्न सक्ने छ । त्यसरी अनुगमनबापतको खर्च गर्दा स्थानीय यातायात, खाजा, खाना लगायतका कार्यमा खर्च गर्न सकिने छ ।

६. **अनुदान रकम फर्छ्यौट प्रक्रियाः** संस्थाले आर्थिक वर्षको अन्त्यमा सम्पुर्ण खर्चको सक्कल बिल भर्पाई संस्थामा राखी उक्त बिल भर्पाईको प्रमाणित प्रतिलिपि सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ । साथै, आर्थिक वर्ष सकिएको नब्बे दिन भित्र लेखा परीक्षण गराई उक्त लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने छ ।

७. **प्रतिवेदनः** संस्थाले यस मार्गदर्शन बमोजिम वर्षभरी गरेक क्रियाकलापहरूको सम्बन्धमा सम्बन्धित स्थानीत तह तथा मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

८. **संशोधन तथा खारेजीः** मन्त्रालयले यस मार्गदर्शनको आवश्यकता अनुसार संशोधन वा खारेजी गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

**अनुदान रकम माग गर्ने प्रस्तावना पत्रको ढाँचा**

१. पृष्ठभुमी

२. संस्थाको परिचय

३. संस्थामा आबद्ध व्यक्तिहरूको विवरण

४. अनुदान माग गर्नुपर्ने कारण

५. अनुदान प्राप्त भएपछि गरिने क्रियाकलापहरूको विवरण
   क.
   ख.
   ग.
   घ.

६. अनुमानित बजेट रकम र बजेटका स्रोतहरू
   क. अनुमानित बजेट रकमः
   ख. स्रोतहरूः
      १. नेपाल सरकारः
      २. प्रदेश सरकारः
      ३. सम्बन्धित स्थानीय तहः
      ४. राष्ट्रिय अपाङ्ग महासंघ नेपालः
      ५. अन्य संघ संस्थाः

७. विस्तृत खर्च विवरण

| क.सं. | विवरण | इकाई | दर | रकम |
|---|---|---|---|---|
| १. | संस्थाको प्रशासनिक खर्च | | | |
| २. | कार्यसमितिको बैठक | | | |
| ३. | वार्षिक समीक्षा | | | |
| ४. | क्षमता विकास कार्यक्रम | | | |
| ५. | अपाङ्गताका सवालमा पैरवी | | | |
| ६. | अनुगमन तथा मूल्याङ्कन | | | |

८. अपेक्षित उपलब्धि

सामाजिक विकास मन्त्रालय